# प्रेस नोट

मिति : २०७३/१/७

आज मिति २०७३ साल वैशाख ७ गते सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको चौथो बैठकले निम्नानुसार निर्णय गरेको छ ।

१. भूकम्प स्मृति दिवसका अवसरमा यही वैशाख १२ र १३ गते विविध कार्यक्रमहरु सञ्चालन गर्ने । गृहमन्त्रालयको आयोजनामा १२ गते भूकम्पमा परी दिवंगत हुनु भएकाहरुप्रति धरहरा परिसरमा बिहान ८ बजे श्रद्धाञ्जली सहित पुष्पगुच्छा अर्पण गर्ने । भूकम्प प्रभावित जिल्लाहरुमा जिल्ला समन्वय सिमित वा उपसमितिको निर्णय अनुसार श्रद्धाञ्जली कार्यक्रम गर्ने । बेलुका माइतिघर मण्डलामा भूकम्पमा परी दिवंगत हुनु भएकाहरुप्रति श्रद्धासुमन अर्पण गर्न मैनबत्ती बाल्ने । सम्बन्धित जिल्ला एवं स्थानीय स्तरमा पनि जिल्ला विकास समितिको व्यवस्थापनमा भूकम्पमा परी दिवंगत हुनु भएकाहरुप्रति मैनबत्ती बाली श्रद्धासुमन अर्पण गर्ने ।

३. भूकम्प अतिप्रभावित ११ वटा जिल्लामा सर्भेक्षण सम्पन्न भएका गाविसहरुमा आवास अनुदान प्राप्त गर्न योग्य लाभग्राहीहरुको सूची जिल्ला समन्वय समिति वा उपसमितिको संयोजन र व्यवस्थापनमा सम्बन्धीत जिविस तथा गाविस तथा नगरपालिकाहरुमा प्रकाशन गर्ने ।

४. कार्यकारी समितिको मिति २०७३ साल वैशाख ५ गते बसेको बैठकले स्वीकृत गरी केन्द्रीय आयोजना कार्यन्वयन इकाईमार्फत विभिन्न जिविसहरुमा पठाइएका गाविस तथा नगरपालिकाहरुको लाभग्राहीको सूची यथाशक्य सार्वजनिक गरी वैशाख १२ गतेबाट अनुदान सम्झौता प्रकृया अघि बढाउने ।

५. प्रत्येक जिल्लामा कम्तिमा एक–एक वटा सामुदायिक आवास भवनहरुको निर्माण कार्य शुभारम्भ गर्ने ।

**वैशाख १३ गते आयोजना गरिने कार्यक्रमहरु निम्न रहेका छन् :**

१. प्रत्येक जिल्लामा कम्तिमा एक–एक वटा विद्यालय भवनको पुनर्निर्माण कार्यको शुभारम्भ शिक्षा मन्त्रालयले गर्ने ।

२. प्रत्येक जिल्लामा कम्तिमा एक–एक वटा स्वास्थ्य संस्थाको भवनको पुननिर्माण कार्यको शुभारम्भ स्वास्थ्य मन्त्रालयले गर्ने ।

३. काठमाडौं उपत्यका भित्रका निम्नानुसार ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण कार्यको पुरातत्व विभागको आयोजनामा शुभारम्भ गर्ने ।

३.१) खड्ग योगिनी मन्दिर साँखु ।

३.२) अनन्तपुर, स्वमंभुनाथ ।

३.३) वंश गोपाल मन्दिर, हनुमान ढोका ।

३.४) फसि देग, भक्तपुर

३.५ मणिमण्डप, ललितपुर ।

४. पर्यटन क्षेत्रको प्रवर्धनका लागि अन्य कार्यक्रमहरु गर्ने ।

बैठकमा पुनर्निर्माण पश्चातको पञ्च वर्षिय योजनाको खाकाबारे छलफल भयो ।

रामप्रसाद थपलिया

प्रवक्ता राष्ट्रिय पुनर्निर्माण प्राधिकरण